# गाउँसभाको बैठकमा गाउँपालिका अध्यक्ष श्री माधव प्रसाद अर्यालद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८२।०८३ को उत्तरगया गाउँपालिकाको

# नीति तथा कार्यक्रम

उत्तरगया गाउँपालिका

२०८२ असार १ गते

**सभाका सदस्यज्यूहरु,**

उत्तरगया गाउँपालिकाको आर्थिक बर्ष २०८२/८३ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

गाउँपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संबिधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । गाउँपालिकाको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु हाम्रो पहिलो कर्तब्य हुन आएको छ । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरी गाउँपालिकालाई बस्नयोग्य गाउँ बनाउने हाम्रो ध्येय रहेको छ ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ। जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सार्वजनिक यातायात, खानेपानी तथा सरसफाई, विपद् ब्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम गाउँपालिकाबासी तथा सबै पेशा, व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

*"समृद्ध उत्तरगया सभ्य र खुशी उत्तरगयाबासी"* भन्ने मूल नारालाई आत्मसात् गर्दै यस वर्षको नीति तथा कार्यक्रम अगाडि बढाइनेछ यसैबीच आगामी आर्थिक वर्षलाई दीगो विकास लक्ष्य, १६ औं आवधिक योजना तथा गाउँपालिकको २० बर्षे गुरुयोनाले लिएका लक्ष्यहरु प्राप्त गर्नका लागि कार्यान्वयनको दरिलो आधार खडा गरिनेछ।

## शिक्षा युवा तथा खेलकुद सम्बन्धी नीति

१. मानव पुँजी निर्माण, सामाजिक रुपान्तरण र आर्थिक विकास सहितको आधुनिक समाज निर्माण गर्न गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने आधारभुत र माध्यमिक शिक्षालाई उच्च प्राथमिकता दिइएको छ । प्रारम्भिक बालविकास कक्षा र कक्षा १ लाई प्रविधिमैत्री बनाउन यसअघि ल्याइएका कार्यक्रमलाई निरन्तरता दिइनेछ। शैक्षिक पुर्वाधारको विकास, दक्ष जनशक्ति एवं शिक्षण सामाग्रीको व्यवस्था र नविनतम प्रविधिको प्रयोग गरी गुणस्तरीय र जीवन उपयोगी शिक्षाको सुनिश्चिता हुने गरी कार्यक्रमहरु क्रमशः तय गरिनेछ ।

२. प्राविधिक जनशक्ति निर्माणको लागि गाउँपालिका भित्रका आर्थिक रुपमा विपन्न, जेहन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत डिप्लोमा तहको अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। उच्च तथा प्राविधिक शिक्षाको छात्रवृत्तिमा दलित विद्यार्थीहरुलाई विशेष व्यवस्था गरिनेछ।

३. शिक्षामा प्रविधिको अधिकतम उपयोग गर्दै सीपयुक्त नागरिक निर्माणको लागि साझेदार संस्थाहरुसंगको सहकार्यमा प्राविधिक तालिमका लागि जोड दिइनेछ।

४. गाउँपालिका अन्तर्गतका सम्पूर्ण करारका कर्मचारीहरु, बालविकास सहजकर्ता, विद्यालय सहायक, विद्यालय सहयोगी, गाउँपालिका अनुदानका शिक्षक कर्मचारीको मनोबल उच्च पार्न शिक्षक कर्मचारी प्रोत्साहनको विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

५. हरेक शुक्रबारलाई सिक्दै पढ्दै कार्यक्रम अन्तर्गत विद्यालयहरुले नै विद्यार्थीहरुलाई पाठ्यपुस्तक र पाठ्यपुस्तक बाहेकको व्यवहारिक ज्ञान दिने गरी कार्यक्रम सञ्चालन गर्न विद्यालयहरुलाई उत्प्रेरित गरिनेछ।

६. विद्यालयमा सुत्केरी विदा, लामो समयको विरामी विदा, अध्ययन विदा, योग्यता पुगेका शिक्षकको अभाव आदि कारणबाट हुने शैक्षिक क्षति न्युनिकरण गर्न सट्टा शिक्षकको व्यवस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. योजनावद्ध शिक्षण र सिकाई उपलब्धि वृद्धि गर्ने उद्देश्य अनुरुप प्रत्येक शिक्षकहरुको दैनिक कार्ययोजना निर्माण र कार्यान्वयनका ल्याइएको कार्यक्रमको निरन्तरता सहित प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

८. शिक्षक तथा विद्यार्थीहरुको आन्तरिक क्षमता वृद्धि गर्न आधारभुत तथा माध्यमिक तह स्तरीय अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

अध्यक्ष

९. गाउँपालिकाबाट तोकिएका विकट क्षेत्रहरुमा सञ्चालित विद्यालयहरुमा कार्यरत वडा बाहिरका शिक्षकहरुलाई दिदै आएको प्रोत्साहनलाई निरन्तरता दिइनेछ साथै गाउँपालिका अन्तर्गतका सो क्षेत्रका कर्मचारीलाई समेत सोही बमोजिम प्रोत्साहन दिइनेछ।

१०. शिक्षकलाई सेवाप्रति उत्साहका साथ समर्पित गराउन, विद्यार्थीलाई अध्ययनमा उत्प्रेरित गर्न र विद्यालयको शैक्षिक गतिविधि साथै आफ्नो विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा विषेश ध्यान दिने अभिभावकहरु मध्येबाट उत्कृष्ट शिक्षक विद्यार्थी र अभिभावकलाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११. विद्यालय शिक्षामा पारदर्शिता, सुशासन, जवाफदेहिता र उत्तरदायित्व प्रवर्द्धन गर्न विद्यालय अनुगमन र सुपरिवेक्षणलाई थप प्रभावकारी बनाइनेछ ।

१२. आधारभूत तहका शिक्षकहरुको लागि एकिकृत पाठ्यक्रम तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३. गाउँपालिकाका सबै आधारभूत(१-८) र माध्यमिक विद्यालयहरुमा स्काउट कार्यक्रमलाइ निरन्तरता दिइनेछ साथै स्काउट शिक्षकहरुलाई पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।

१४. विद्यालय खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन थप अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१५. कक्षा १ देखि ३ सम्म अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न आवश्यक पूर्वाधार तयार गरी कार्यान्वयन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१६. सरकारी विद्यालयहरुको गुणस्तर सुधार गर्न शिक्षकहरुको क्षमता अभिवृद्धि गर्नुका साथै विद्यालयहरुलाई आवासीय संरचनामा विकास गर्न आवश्यक कार्य अगाडि बढाईनेछ ।

१७. तालिम मार्फत शिक्षकहरुको क्षमता अभिवृद्धि गरिनेछ।

१८. लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको साझेदारीमा उत्तरगया गाउँपालिकको निलकण्ठ माध्यमिक विद्यालयमा स्नातक तहको चिनियाँ भाषाको कक्षा सञ्चालन गरिनेछ।

१९. आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने संवैधानिक व्यवस्था अनुरुप गाउँपालिकामा अनिवार्य तथा निःशुल्क शिक्षा लागु भएको घोषणा भईसकेकोले सो कार्यक्रमलाई निरन्तरता दिदै आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क गर्न आवश्यक सम्पूर्ण व्यवस्थापन गरिनेछ ।

२०. गाउँपालिका र विद्यालयबीच समन्वयात्मक भूमिका निर्वाह गर्नका लागि माध्यमिक विद्यालयहरुलाई लिडर विद्यालय र अन्य आधारभूत विद्यालयहरुलाई फिडर विद्यालयको रुपमा रहने अवधारणा ल्याइनेछ।

२१. शिक्षकको पेशागत विकासका लागि शिक्षक विषयगत समिति निर्माण तथा परिचालन गरी शिक्षक मेन्टरिङ्ग तथा पेशागत सहयोग आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ।

३६. घरैमा असुरक्षित सुत्केरी हुने कार्यलाई निरुत्साहित गर्न मातृ तथा नवशिशु मृत्यूदरलाई कमी गराउन गाउँपालिका क्षेत्रभित्रका सुत्केरी महिलालाई गाउँपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्थाले प्रदान गर्ने जन्म प्रमाणपत्रको आधारमा रु. १२००/- उपलब्ध गराउने कार्यक्रमको सुरुवात गरिनेछ।

३७. गर्भवती, सुत्केरी पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। साथै २ वर्षसम्मको बालबालिकाको पोषणलाई मध्यनजर गरी Healthy Baby Competition कार्यक्रमको सूचकहरु तयार गरी कार्यक्रम सुरुवात गरिनेछ।

३८. नसर्ने रोगको प्रकोपलाई न्यूनिकरण गर्न खानपान र स्वस्थकर जीवनशैली सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु चौमासिक रुपमा सञ्चालन गरिनेछ।

३९. सबै सार्वजनिक निकायमा शुद्ध पिउने पानीको उपलब्धताको सुनिश्चितता गरिनेछ।

४०. महिलाहरुमा हुने पाठेघर सम्बन्धी समस्याको समयमै पहिचान गरी सो सम्बन्धी उपचार गर्न पाठेघर स्क्रिनिङ क्याम्पलाई निरन्तरता दिदै आँखा, दाँत, कान साथै पुरुषहरुमा हुने प्रोस्टेट क्यान्सरको स्क्रिनिङ क्याम्प सञ्चालन गरिनेछ।

४१. क्षयरोगको परिक्षणका लागि खकार परिक्षण लगायतका सेवालाई निरन्तरता दिईनेछ।

४२. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम, समुदाय स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

४३. स्वास्थ्यकर्मीहरु र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४४. आर्थिक अवस्था कमजोर भई उपचारलाई निरन्तरता दिन नसक्नेहरुको लागि गाउँपालिकाबाट प्रदान गरिदै आएको आर्थिक सहायता रकमलाई कार्यविधि बनाई थप व्यवस्थित गरि निरन्तरता दिइनेछ।

४५. डाँडागाउँ स्वास्थ्य चौकी र लहरेपौवा स्वास्थ्य चौकीलाई निशुल्क सुरक्षित गर्भपतन सेवा केन्द्रको रुपमा स्तरोन्नती गरिनेछ।

४६. मैलुङ सामुदायिक स्वास्थ्य इकाई मार्फत खोप सेवा सञ्चालन कार्यक्रमको सुरुवात गरिनेछ।

४७. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई डिजिटलाइज र व्यवस्थित बनाउदै लगिनेछ।

४८. मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने नारालाई सार्थक पार्न आम नागरिकलाई शारीरिक, मानसिक र आध्यात्मिक रुपमा स्वस्थ एवं सबल बनाई विश्वव्यापी रुपमा फैलिदै गएको नसर्ने रोगको प्रकोपलाई न्यूनिकरण गर्न नागरिक आरोग्य कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४९. विभिन्न रोगबाट सिर्जना हुने स्वास्थ्य जोखिम न्यूनीकरण गर्न जडिबुटीजन्य रोग प्रतिरोधी क्षमता बृद्धि गर्ने, आयुर्वेद औषधी वितरण गर्ने कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।

५०. कुनै पनि शिशु पौष्टिक दुधको कमि भई मृत्यु नहोस् भन्ने अभिप्रायले आमाको दुधमा कमी हुन नदिन स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ दुग्धवर्दक जडिबुटीजन्य औषधी निःशुल्क वितरण गरिनेछ।

५१. गाउँपालिकामा आयुर्वेद सेवा नपुगेका क्षेत्रमा आयुर्वेद सेवाको पहुँच पुऱ्याउनको लागि गाउँघर क्लिनिक तथा नसर्ने रोग व्यवस्थापन कार्यक्रमद्धारा आयुर्वेद सेवाको पहुँच ५ वटै वडामा संचालन गरिनेछ।

५२. हाम्रै घरदैलोमा उपलब्ध जडिबुटीहरुको बारेमा ज्ञान प्राप्त गरी अधिकतम प्रयोग गर्नको लागि उत्प्रेरणा दिइने स्थानीय जनतालाई जडिबुटी परिचयात्मक कार्यक्रम संचालन गरिनेछ।

५३. यस गाउँरपालिका अन्तर्गत माध्यामिक विद्यालयहरुका विद्यार्थीहरुलाई मौलिक चिकित्साबाट स्वस्थ्य जीवन यापन गर्ने उपायहरुको ज्ञान दिन विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

५४. स्वस्थ्यकर जीवनशैली प्रवर्द्धन गरी गृहिणीहरुको लागि भान्सा सुधार सचेतना कार्यक्रम संचालन गरिनेछ।

५५. उत्तरगया गाउँपालिकाका सम्पूर्ण जनप्रतिनीधि र कर्मचारीहरुलाई आयुर्वेद सम्बन्धी दिनचर्या, ऋतुचर्या तथा रात्रीचर्या सम्बन्धी कार्यक्रम संचालन गर्ने नीति लिईनेछ ।साथै लहरेपौवा आयुर्वेद औषधालयमा पूर्वकर्म र पञ्चकर्मको कार्यक्रम सरुवात गरिनेछ।

<u>पूर्वाधार सम्बन्धी नीति</u>

५६. विकासको पूर्वाधारको रुपमा रहेको सडक सञ्जाललाई विस्तार गरी सहज आवागमन, आन्तरिक आर्थिक गतिविधि विस्तार, ग्रामिण उत्पादनलाई वजारसम्मको सहज पहुँच सुनिश्चित गर्न, व्यापार सहजिकरण गर्न, सुविधायुक्त र सुरक्षित सडक पूर्वाधार निर्माणमा जोड दिइनेछ साथै आगामी दिनमा निर्माण हुने सडकहरु ***उन्नत ग्रामीण सडक निर्देशिका*** बमोजिम निर्माण गरिनेछ।

५७. शान्तिबजार, पैरेगाउँ, ठुलोगाउँ, डाडाँगाउँ, खड्कु, सिरुचेत, भदौरे सडकको स्तरोन्नती गर्न र कालोपत्रे गर्नको लागि गाउँपालिकाले निर्माण गरेको विस्तृत परियोजना प्रतिवेदन बमोजिम प्रदेश सरकारसँग थप पहल गरिनेछ ।

५८. वोगटीटार, वनुवा, छाप, मनिगाउँ, कर्मिडाडाँ, ढुङ्गे, कालिकास्थान सडकको स्तरोन्नति र कालोपत्रे गर्न गाउँपालिकाले निर्माण गरेको विस्तृत परियोजना प्रतिवेदन बमोजिम सडकको स्तरोन्नती र पक्की सडक निर्माण कार्यलाई निरन्तरता दिन प्रदेश सरकारसँग विशेष अनुरोध गरिनेछ ।

५९. नुवाकोट जिल्ला किस्पाङ गाउँपालिकाको सातदोबाटो देखि ठुलोगाउँ, डाडाँगाउँ, खड्कु, करुमन्याङ, तिरु, ठुलोहाकु, बाहुन डाडाँसम्म सडक आयोजनाको उत्तरगया क्षेत्रभित्र पर्ने सडक खण्डको ट्र्याक खोल्ने, स्तरोन्नती गर्ने, र कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिन पहल गरिनेछ।

६०. मनिगाउँ, भलायडाडाँ, कुवापानी, पैरेवेशी सडकको स्तरोन्नति गर्न र कालोपत्रे गर्ने कार्यको निरन्तरताको लागि प्रदेश सरकारसँग पहल गरिनेछ ।

६१. वनुवाडाडाँ, पैरेवेशी सडकको थप स्तरोन्नति गर्न प्रदेश सरकारसँग अनुरोध गरिनेछ ।

६२. मैलुङ्ग, गोगने, तिरु सडकको स्तरोन्नती र कालोपत्रे गर्नको लागि निर्माणाधिन माथिल्लो त्रिशुली जलविद्युत आयोजना-१ कम्पनीहरुसँग समन्वय गरिनेछ ।

६३. गाउँपालिका भित्र सञ्चालन भएका अन्य स्थानीय सडकहरुको क्रमागत रुपमा स्तरवृद्धि गर्दै लगिनेछ।

६४. सडकसँग नजोडिएका घरधुरीहरुमा पक्की सिँढीबाटो मार्फत सडक सञ्जालहरुसँग जोड्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६५. गाउँपालिकाको गुरुयोजना, आवधिक योजना, मध्यमकालिन खर्च संरचना र परियोजना बैंकमा भएका योजनाहरुलाई प्राथमिकताका आधारमा निर्माणका कार्यहरु क्रमशः अगाडि बढाउँदै लगिनेछ।

६६. उपभोक्ता समितिबाट हुने कार्यहरुलाई दीगो, प्रभावकारी, समूदायमैत्री बनाउन कार्यविधीलाई व्यवस्थित बनाइनेछ।

६७. पूराना झोलुङ्गे पुलहरु मर्मत सम्भारको लागि कार्यक्रम तय गरिनेछ।

६८. संघ, प्रदेश सरकार तथा निजी क्षेत्रसँगको साझेदारीमा भाँगे झरनाको पर्यटकीय पूर्वाधार विकास गर्न आवश्यक पहल गरिनेछ।

६९. गाउँपालिकाभित्र हेलिप्याड स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्दै प्रत्येक वडामा निर्माण कार्य कार्यान्वयन गर्दै लगिनेछ ।

७०. गाउँपालिका क्षेत्रभित्र सञ्चालित जलविद्युत आयोजनाहरुले समुदायमा आधारित भएर खर्च गर्नुपर्ने सामाजिक उत्तरदायित्व अन्तर्गतको हिस्साको उपयोग समुदायको आवश्यकतामा आधारित रहेर परिचालन गर्नका लागि समुदायमा सामाजिक सुरक्षा र संरक्षणका क्षेत्रहरुको पहिचान गरी अधिकतम प्रतिफल प्राप्त गर्न सक्ने गरी गाउँपालिकाबाट आवश्यक समन्वय गरिनेछ साथै उक्त कार्यक्रमहरुमा गाउँपालिकाको गुरुयोजना, आवधिक योजना, परियोजना बैंक तथा मध्यमकालिन खर्च संरचनाले प्राथमिकता तोकेका कार्यक्रमहरु मात्र कार्यान्वयन गर्न अनिवार्य गराइनेछ ।

७१. कृषि तथा पशु उपजको उत्पादनमा आत्मनिर्भर गाउँपालिका, सडकहरुको स्तरोन्नति, प्रत्येक वडामा कम्तिमा ठूला खानेपानी आयोजना मार्फत खानेपानीको पहुँच विस्तार, सडक बत्तीको विस्तार, मानव पुँजी निर्माण र रोजगारी सिर्जना, दिगो विकास र वातावरणीय सन्तुलन कार्य गर्दै संस्थागत सुशासनलाई प्राथमिकतामा राखिनेछ ।

७२. विकास बजेटलाई उत्पादनशिल क्षेत्रमा विनियोजन गर्न प्राथमिकता दिइनेछ। विकास निर्माणमा अध्ययन, अनुसन्धान र डिजाइन पक्षलाई जोड दिदै विस्तृत अध्ययन डिजाइन तयार भएपछि मात्र निर्माण प्रकृया थालनी गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।

७३. गाउँपालिका भित्र सञ्चालन गरिने आयोजनाहरुलाई छनौट गर्दा भविष्यमा रोजगारी सृजना हुने तथा गाउँपालिकाको आर्थिक बृद्धिलाई टेवा पुग्ने खालका आयोजनाहरुलाई प्राथमिकता दिईनेछ।

७४. आयोजनाहरुको छनौट गर्दा समान प्रकृतिका आयोजनाहरुलाई एकिकृत गरी वृहत योजना बनाई कार्यान्वयनमा लगिनेछ।

७५. गाउँपालिकाभित्र सञ्चालन हुने ठुला आयोजनाहरुमा हरियाली सडकको नारा सहित बायो इन्जिनियरिङको कामलाई प्राथमिकताका साथ लागु गरिनेछ।

**<u>कृषि तथा पशु सेवा सम्बन्धी नीति</u>**

७६. रैथाने बाली तथा स्थानीय उत्पादनको प्रचार प्रसार र बजारीकरण गर्नको लागि कोसेली घर स्थापना गरी व्यवस्थापन गरिनेछ।

७७. रैथाने बाली प्रवर्द्धनमा कृषकहरुलाई प्रोत्साहन गर्ने, उत्पादनमा अनुदान दिने र उत्पादित वस्तुलाई विद्यालय खाजा कार्यक्रम र कार्यालयबाट सञ्चालन हुने कार्यक्रमहरुमा खाजा कार्यक्रम मार्फत प्रयोग गर्ने गरी थप व्यवस्थित गरिनेछ।

७८. गाउँपालिकामा रहेको माटो परीक्षण ल्याबमार्फत माटो परीक्षण गरी माटो अनुकुलन हुने गरी कृषि विउको खोज गरी खेती गर्न कृषकलाई प्रोत्साहित गरिनेछ ।

७९. खाद्य तथा नगदे वालीमा लाग्ने रोग नियन्त्रणका लागि कृषकलाई आवश्यक औषधि वितरण कार्यलाई निरन्तरता दिइनेछ। जलवायु अनुकुलन विउविजनको अनुसन्धान र विकासमा जोड दिइनेछ ।

८०. नव प्रवर्तनमा आधारित(Innovative Startup Program) कार्यक्रम सञ्चालनका लागि प्रविधि र क्षमता विकासमा सहलगानी नीति अवलम्बन गर्दै प्रयोगात्मक र स्थलगत (On-Site) तालिम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ।

८१. गाउँपालिकाभित्रको उत्पादनलाई चिस्यान केन्द्रमा राखी सुरक्षित भण्डारण गर्ने कार्यमा सहजीकरण हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

८२. कृषि उपज तथा पशुधनको वजारीकरणका लागि गाउँपालिका भित्र रहेका सहकारी तथा नीजि क्षेत्रसँगको सहकार्यमा सञ्जाल निर्माण गर्ने तथा उपयुक्त स्थानमा सुलभ विक्री केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ ।

८३. पशुहरुको लागि औषधी वितरण तथा दुधको उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८४. गाउँपालिकाद्वारा साझेदारीमा सञ्चालित "कृषि तथा पशु विकास उद्यमशिलता कार्यक्रमलाई" गाउँपालिका भित्रकै कृषि तथा पशु सेवाका कर्मचारीहरु मार्फत कार्यक्रम सञ्चालन गरी कृषक, महिला तथा स्थानीय युवाहरुलाई लक्षित गरी कार्यक्रमको प्रभावकारी अनुगमन, सूपरिवेक्षण र सहजीकरण गरिनेछ ।

८५. गाउँपालिकाबाट हुने एकीकृत तथ्याङ्क तथा प्रोफाइल निर्माणको क्रममा कृषि गणना गरी एकीकृत तथ्याङ्क अभिलेख मार्फत किसानहरुलाई किसान कार्ड मार्फत रसायनिक मलको वितरणलाई प्रभावकारी बनाइनेछ।

८६. यस गाउँपालिकामा दर्ता भएका कृषि तथा पशु पन्छी फर्म/व्यवसायहरुको नियमित अनुगमन गरिनेछ।

८७. कृषकहरुलाई प्राङ्गारिक मल उत्पादन गर्नका लागि प्रोत्साहन गरिनेछ।

८८. गाउँपालिका भित्रका दुध उत्पादन गर्ने कृषकहरुलाई बजारीकरणमा सहयोग हुने गरी कार्यक्रमहरु तयार गरिनेछ।

८९. परजीवि नियन्त्रणका लागि पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

९०. गाउँपालिका भित्रका किसानहरुलाई उत्पादनमा आधारित प्रोत्साहनलाई निरन्तरता दिईनेछ।

९१. उत्तरगया गाउँपालिकको वडा नं १ मा रेन्बोट्राउट उत्पादन कार्यक्रमको सम्भाव्यता अध्ययन गरी संघ र प्रदेश सरकारको कार्यक्रमसँग साझेदारी मार्फत क्रमशः कार्यक्रम लागु गरिनेछ।

**खानेपानी तथा सरसफाई समबन्धी नीति**

९२. उत्तरगया गाउँपालिकामा स्वच्छ खानेपानीको लागि सबै सरोकारवालाहरुको समन्वयमा एक घर एक धारा कार्यक्रमलाई थप प्रभावकाताका साथ निरन्तरता दिइनेछ।

९३. छिमेकी स्थानीय तहहरुसँग समन्वय गरी वेत्रावती कैदलेटार क्षेत्रको फोहोर व्यवस्थापन भई रहेको कार्यलाई थप प्रभावकारी बनाइनेछ।

**सहकारी सम्बन्धी नीति**

९४. गाउँपालिकाको क्षेत्राधिकार भित्र दर्ता भएका सहकारीहरूको पहिलो चौमासिकमा सघन अनुगमन गर्ने व्यवस्था मिलाईनेछ। सघन अनुगमनबाट प्राप्त प्रतिबेदनका आधारमा सहकारी संस्थाहरूको व्यवस्थापकीय क्षमता विकास, संस्थागत सुशासन लगायतको बिषयमा थप योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

९५. गाउँपालिका भित्र दर्ता भएका सहकारीहरूलाई एक आपसमा एकीकरण गर्ने कार्यलाई जोड दिइनेछ।

९६. सहकारी क्षेत्रलाई नागरिकहरुको रोजगारी तथा जिविकोपार्जनसँग आबद्ध गराउने उद्देश्य पुरा गर्न गाउँपालिका भित्र रहेका सहकारीहरुलाई क्षमता विकास तालिम सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ।

**<u>संस्थागत बिकास तथा सुशासन सम्बन्धी नीति:</u>**

९७. सुशासनको कसिमा नमूना गाउँपालिकाको रुपमा गाउँपालिकालाई स्थापित गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

९८. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA (Local Institutional Self Assesment ) तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित गरिनेछ।

९९. गाउँपालिकाको संगठन संरचना, स्वीकृत दरवन्दी र पदाधिकारी तथा प्रशासनिक एकाईहरुको कार्य विवरणलाई प्रभावकारी रुपमा कार्यान्वय गरिनेछ।

१००. कर्मचारीबाट आवश्यक लक्ष्य हासिल गर्न नतिजामा आधारित कार्य सम्पादन एवं प्रोत्साहन प्रणाली अवलम्बन गरिनेछ। गाउँपालिकाका प्रत्येक कर्मचारीको कार्य व्यवहारलाई पारदर्शी, जनमैत्री र सुशासनयुक्त बनाउन आवश्यक कानूनी प्रबन्ध गरी कार्यान्वयन गरिनेछ।

१०१. गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित तथा जनमूखी बनाउने सन्दर्भमा सेवाग्राही सर्वेक्षण नियमित गरिनेछ।

१०२. गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारी मध्ये उत्कृष्ठ कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत तथा सम्मानित गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१०३. गाउँपालिका कार्यालयभित्र पुस्तकालयको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ।

१०४. सुशासनको कसिमा पालिका, वडा कार्यालय र जनप्रतिनिधिहरुलाई खरो उतार्न, जनसहभागीता, योजनाबद्ध कार्य प्रणाली, जवाफदेहीता, प्रभावकारी कार्य सम्पादन, सदाचार र उच्च नैतिकतामा जोड दिइनेछ ।

१०५. गाउँपालिकामा एकिकृत तथ्याङ्कको व्यवस्थापन प्रणाली व्यवस्थापनको चरणमा रहेकाले सोको व्यवस्थापन पश्चात प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१०६. जनप्रतिनिधीहरुलाई नेतृत्व विकास तालिम र कर्मचारीहरुलाई क्षमता विकास तालिमलाई निरन्तरता दिइनेछ ।

१०७. कार्यपालिका बैठक र कर्मचारी बैठकलाई मासिक रुपमा गर्ने कामलाई निरन्तरता दिदै आवधिक समीक्षा र सार्वजनिक सुनुवाई कार्यलाई नियमित बनाइनेछ।

१०८. सभा समिति र विषयगत समितिलाई प्रभावकारी बनाई समितिहरुको निर्णय तथा सिफारिसलाई कार्यान्वयन गरिनेछ।

१०९. एकीकृत कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी लागू गरिने साथै कार्यान्वयनको त्रैमासिक समीक्षा गरिनेछ।

११०. गाउँसभाको बैठकको प्रत्यक्ष प्रसारण र रेकर्डिङ गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१११. विषगत तथा क्षेत्रगत कार्य, छलफल, अनुगमन तथा दैनिक क्रियाकलापलाई पूर्वनिर्धारित कार्यतालिका र जिम्मेवारी सहित कार्यान्वयनमा ल्याइनेछ ।

११२. गाउँपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालयहरुको भवन निर्माणका लागि जग्गा प्राप्ति लगायतका कार्यलाई विशेष प्राथमिकता दिइएको छ र त्यसलाई निरन्तरता दिइनेछ।

११३. उत्तरगया गाउँपालिका भित्रका धार्मिक साँस्कृतिक पर्यटकीय क्षेत्र, कृषि र पशुमा उत्पादनमा आधारित क्रियाकलाप लगायत समष्टिगत विषयबस्तु समेटिने गरी गाउँपालिकाको वृत्तचित्र तयार गरिनेछ।

११४. गाउँपालिकाको वेरुजूलाई क्रमशः घटाउदै लगिनेछ।

**राजस्व सम्बन्धी नीति**

११५. गाउँपालिकाको आर्थिक समुन्नतिका लागि गाउँपालिका क्षेत्रभित्र रहेका सम्भाव्य आन्तरिक आम्दानीका श्रोतहरु पहिचान गरी तिनलाई परिचालन गरिनेछ । आर्थिक पारदर्शिता तथा वित्तीय अनुशासन कायम गर्न आय र व्ययको व्यहोरा नियमित रुपमा सार्वजनिक गरिनेछ।

११६. योजना तथा राजस्वको नियमित रुपमा चौमासिक समिक्षा बैठकलाई निरन्तरता दिइनेछ।

११७. आन्तरिक आयमा आउने संकुचन र खर्चमा आउने थप चापलाई व्यवस्थापन गर्न प्रशासनिक खर्चमा मितव्ययिता अपनाइएको छ र त्यस कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

**वन वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति**

११८. विपद् तथा जोखिम न्युनीकरणका लागि विपद् व्यवस्थापन कोष निर्माण गरी आवश्यक पूर्वतयारी, उद्धार तथा राहत र पुनर्स्थापनाका कार्यहरु, जनशक्ति निर्माण र पूनर्ताजगी कार्यक्रमलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाइनेछ ।

११९. २०७२ साल बैशाख १२ गतेको विनाशकारी भुकम्प र प्राकृतिक विपदबाट विस्थापित भई हालसम्म पनि स्थायी आवासको व्यवस्था हुन नसकेको परिवारको लागि स्थायी आवासको व्यवस्था मिलाउन सरकारी निकायसँग भईरहेको पहललाई निरन्तरता दिइनेछ।

१२०. विपद् जोखिम न्यूनिकरण व्यवस्थापनमा स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाइनेछ साथै तत्काल राहत तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन वडा स्तरीय विपद् व्यवस्थापन समितिलाई थप सशक्त र प्रभावकारी बनाइनेछ।

१२१. विपद्को क्षेत्रमा काम गर्ने संस्थाहरुको समन्वयमा गाउँपालिकाको विपद् संवेदनशील क्षेत्रको भौगर्भिक अध्ययन भएका स्थानहरु लगायतको जोखिम क्षेत्रको पहिचान, खोज, उद्धार, राहत र पुनर्स्थापना सम्बन्धी कार्यमा प्रत्येक वडा, समूदायस्तर तथा सार्वजनिक निजी तथा सामुदायिक क्षेत्रसँगको सहकार्य र समन्वयमा विपद् जोखिम न्यूनिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

१२२. योजना निर्माण र सञ्चालनमा विपद् जोखिम न्यूनिकरणको पक्षलाइ विषेश ध्यान दिइनेछ ।

१२३. विपद सूचनाप्रणालीलाई प्रभावकारी बनाउदै लगिनेछ।

१२४. विपद पूर्वतयारी र प्रतिकार्य योजनाको अद्यावधिक गर्दै प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ।

१२५. जिल्ला वन कार्यालय, लाङटाङ राष्ट्रिय निकुञ्ज, सामुदायिक वन उपभोक्ता महासंघ, वन उपभोक्ता समूहहरुसँगको सहकार्यमा र समन्वयमा वन संरक्षण वृक्षारोपण, वन विविधिकरण, भूक्षय नियन्त्रण, खाली तथा सामुदायिक वनमा जडिबुटी प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालन गरी वन वातावरण तथा भू-संरक्षणलाई प्रभावकारी बनाइनेछ ।

१२६. हरियाली सडक कार्यक्रम कार्यान्वयनको लागि सरोकारवाला निकायहरु सँग समन्वय र साझेदारीको कामलाई निरन्तरता दिईनेछ।

१२७. वन्यजन्तुहरुबाट हुने बालिको क्षतिलाई न्यूनिकरण गर्न सरोकारवाला निकायहरुसँगको समन्वयमा नियन्त्रणका उपायहरुको खोजी गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**<u>साझेदारी सम्बन्धी नीति</u>**

१२८. उत्तरगया गाउँपालिकाको वृहत हितलाई ध्यानमा राखी उत्पादनशील र रोजगारी प्रवर्द्धनको लागि पर्यटन, कृषि तथा पशुपालन, जडिबुटी खेती लगायतको क्षेत्रमा विभिन्न संघ संस्थाहरु, गैर सरकारी संस्था, दातृ निकाय निजी लगानीकर्ताहरुलाई आकर्षित गरी लगानी मैत्री उत्तरगया गाउँपालिका बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

१२९. गैरसरकारी संस्थाहरुसँग साझेदारी गरी परिणाममुखी काम गर्न प्रोत्साहन गरिनेछ। गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको नियमन गरी गाउँपालिकाको अनिवार्य स्वीकृति लिने व्यवस्थालाई निरन्तरता दिइनेछ।

**<u>महिला बालवालिका तथा जेष्ठ नागरिक सम्बन्धी नीति</u>**

१३०. महिला विरुद्ध हुने सबै किसिमका भेदभाव शोषण र हिंसा अन्त्य गरिनेछ । वाल विवाह, वहु-विवाह, जातीय छुवाछुत, सामाजिक कुप्रथा, कुसंस्कार, अन्याय विभेद र अन्धविश्वास अन्त्य गर्न सामाजिक जागरण, सांस्कृतिक सुधार र सचेतना अभिवृद्धि गर्न अभियानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३१. महिला सशक्तिकरण सीप विकास र आर्थिक सम्वृद्धिको लागि आवश्यक कार्यक्रमहरु सञ्चालनलाई निरन्तरता दिइनेछ।

१३२. घरेलु तथा लैङ्गिक हिंसा विरुद्धको सचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१३३. बालमैत्री स्थानीय शासन घोषणाका गर्ने कार्यका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१३४. एकल महिला, आश्रित परिवारका सदस्य तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकतामा आधारमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१३५. अन्तरजातिय विवाह प्रोत्साहन कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि बनाई कार्य अगाडी बढाईनेछ।

**धर्म संस्कृति तथा पर्यटन सम्बन्धी नीति**

१३६. गाउँपालिका क्षेत्रभित्रका सम्भावित पर्यटकीय स्थलको पहिचान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै फिकुरीलगायतका पहिचान भएका स्थलको प्रवर्द्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३७. "उत्तरगयाधाम" "भुमेस्थान मन्दिर", भाँगे झरना, घलेगढी, कमेरेगढी, फिकुरी, तिरु लगायतका स्थानहरुलाई होमस्टे पर्यटन र पर्यटकीय स्थलको रुपमा विकास गर्न पर्यटन गुरुयोजना तयार गरी क्रमशः कार्यान्वयनमा ल्याइनेछ।

१३८. उत्तरगया धामको पूर्वाधार निर्माण, सञ्चालन, व्यवस्थापन र प्रवर्द्धन गर्न ऐन अनुसार गठित समितिको कामलाई प्रभावकारी बनाइनेछ।

१३९. गाउँपालिका भित्र प्रचलनमा रहेका र लोपोन्मुख सतिघाटु, पञ्चेबाजा, खैजडी भजन, मारुनी नाच लगायत सांस्कृतिक परम्पराहरुको संरक्षण र सम्वर्द्धन गर्न समुदायलाई प्रेरित गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

१४०. परम्परागत ज्ञान तथा मौलिक सिपमा आधारित लघु तथा घरेलु उद्योगलाइ प्रबर्द्धन गर्न समूहलाई प्रविधि हस्तान्तरण गरिनेछ ।

१४१. वडा नं. १ को तिरु, वडा नं २ को डाँडागाउँ, वडा नं ३ को ठूलोगाउँ र पैंरेगाउँ तथा वडा नं ४ को ढुङ्गेलाई होमस्टेसहित पर्यटन पूर्वाधारको विकास गरिनेछ ।

१४२. गाउँपालिकाभित्रका महत्वपूर्ण धार्मिक/साँस्कृतिक एवम् ऐतिहासिक स्थल लगायतका सार्वजनिक स्थलहरुको नक्साङ्कन गरिनेछ।

**श्रम तथा रोजगार सम्बन्धी नीति**

१४३. गाउँपालिकाको स्थानीय रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१४४. आन्तरिक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१४५. बैदेशिक रोजगारमा जान चाहने व्यक्तिको लागि सहि सूचना र श्रम स्वीकृती लिने व्यवस्था मिलाईनेछ।

१४६. रोजगारमुलक आयोजनाहरुमा आवश्यक पर्ने निर्माण सामाग्री आवश्यकताका आधारमा साझेदारीमा सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

**खेलकुद सम्बन्धी नीति**

१४७. युवाहरुलाई लक्षित गरी अनुशासन, संस्कृति विकास, शारिरिक तन्दुरुस्तीको लागि खेलकुद कार्यक्रम मार्फत उत्तरगया गाउँपालिकाको पहिचान र प्रतिष्ठाका लागि खेलकुद पूर्वाधार विकास, खेलकुद प्रतियोगिता र प्रशिक्षण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिईनेछ।

१४८. गाउँपालिकाभित्रका सबै आधारभूत विद्यालयमा खेल पूर्वाधारको विकास तथा हरेक वडामा खेलकुद केन्द्र स्थापना गर्न प्राथमिकता दिदै लगिनेछ।

१४९. खेलकुद कार्यक्रमलाई प्रोत्साहन गरी पर्यटन क्षेत्रसँग आवद्ध गर्दै लैंजाने नीति लिइनेछ ।

**सूचना प्रविधि सम्बन्धी नीति**

१५०. गाउँपालिका भित्रका सबै सरकारी कार्यालय, मुख्य बजार क्षेत्र तथा चोकहरुमा मानवीय गतिविधिहरुको निगरानी राख्न सि.सि. क्यामेरा जडान गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ निरन्तरता दिइनेछ।

१५१. सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता अभिवृद्धि गर्न सूचना प्रविधिको प्रयोग बढाई गाउँपालिकाको प्रत्येक क्रियाकलापलाई सूचना प्रविधियुक्त बनाइनेछ ।

१५२. सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउन सम्भव भए सम्म भौतिक उपस्थितिबिना नै विद्युतीय माध्यमबाट सेवाग्राहीले सेवा प्राप्त गर्न निर्माण भएको मोबाइल एप्लिकेसनलाई पूर्ण कार्यान्वयनमा ल्याइनेछ ।

१५३. सूचना प्रविधियुक्त गाउँपालिका बनाउन योजनाबद्ध विकास गरिनेछ ।

१५४. नेपाल टेलिकमसँगको सहकार्यमा गाउँपालिकाभित्रका सबै सेवाकेन्द्र र विद्यालयमा अप्टिकल फाईवर मार्फत सञ्चार सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५५. योजना प्रणालीलाई पूर्ण रुपमा अनलाइनमा आधारित बनाउन प्रक्रिया अगाडि बढाइनेछ।

**कानून तथा न्याय सम्बन्धी नीति**

१५६. स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। न्यायिक समितिबाट समयमा नै विवाद फछ्र्यौट हुने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।

१५७. पारदर्शीताको प्रवर्द्धन गर्दै सुशासन कायम गर्न आवश्यक ऐन, नियम तथा कार्यविधिहरु तर्जुमा गरिनेछ।

१५८. असल अभ्यास सम्बन्धी सिकाईका लागि न्यायिक अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी नीति**

१५९. सामाजिक सुरक्षा भत्ता वापतको रकम नलिने भनी स्वघोषणा गर्ने लाभग्राहीहरुलाई सम्मान तथा प्रोत्साहन गरिनेछ।

१६०. सेवा करारमा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गरिदै लगिनेछ।

सभाका सदस्यज्यूहरु,

आर्थिक बर्ष २०८२।०८३ को यस नीति तथा कार्यक्रमले यस उत्तरगया गाउँपालिकाको समृद्धि र विकासको मार्गचित्र तयार गर्ने व्यवस्थित प्रयासलाई मूर्तरुप दिन विशेष योगदान गर्ने आशा लिएको छु। यस नीति तथा कार्यक्रमबाट कृषि क्षेत्रको उत्पादकत्व वृद्धिमा सकारात्मक योगदान पुग्नेछ । नागरिकको सुरक्षा, सामाजिक संरक्षण, शिक्षा र स्वास्थ्य लगायतका सेवालाई सर्वसुलभ रुपमा उपलब्ध गराई सामाजिक न्याय र समानता कायम गर्न मद्दत गर्नेछ । सबैको विश्वास र सद्भाव मार्फत् स्थानीय सरकारको नीति तथा कार्यक्रमको कार्यान्वयनमा सक्रिय साथ र सहयोग प्राप्त गरी ***"समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयाबासी"*** को दिर्घकालिन सोच पूरा हुनेमा दृढ विश्वास लिएको छु।

अन्त्यमा, स्थानीय तह मार्फत् संघीय व्यवस्थाको वास्तविक अभ्यासबाट यस गाउँपालिकाको समग्र विकासमा योगदानका लागि निरन्तर खटिनुहुने गाउँपालिकाका जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारी, शिक्षक, राजनीतिक दल, निजी, सहकारी र सामुदायिक क्षेत्र, नागरिक समाज, सञ्चार जगत् लगायत सम्पूर्ण उत्तरगयाबासी आमाबुवा, दिदीबहिनी, दाजुभाईहरुबाट विगतमा झैं सकारात्मक सुझाव सल्लाह र सहयोगको अपेक्षा राख्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।